जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

सूचना

जनकपुरधाममा
घरभन्दा पनि राम्रो
खाना सहितको कक्षा
८ सम्मको व्यवस्थित
होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

बर्ष १२ • अंक २५४ • २०८२ आषाढ २० गते शुक्रवार • 4 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

## "वन संरक्षणमा सबैको सहभागिता आवश्यक" भन्ने मान्यता अनुरूप डिभिजन वन कार्यालयको अन्तरक्रिया कार्यक्रम सम्पन्न



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ आषाढ**

"वन संरक्षणमा सबैको सहभागिता आवश्यक" भन्ने मान्यता अनुरूप डिभिजन वन कार्यालय, महोत्तरी (जलेश्वर) को आयोजनामा पत्रकार, नागरिक समाज र सञ्चारकर्मी बीच समन्वय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। जलेश्वरस्थित ममाज होटलमा आयोजित उक्त कार्यक्रममा पत्रकार, सामाजिक अभियन्ता, वातावरणमैत्री संघसंस्था, स्थानीय सञ्चारकर्मी तथा सरोकारवाला निकायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता देखिएको थियो।

कार्यक्रममा डिभिजन वन कार्यालयले पछिल्लो समय गरिएको कार्यको विवरण सार्वजनिक गर्दै वन अपराध नियन्त्रण, अवैध गाजा खेती उन्मूलन, सामुदायिक वन व्यवस्थापन, काठ तथा दाउरा वितरण र वनसम्बन्धी मुद्दा दायरजस्ता विषयमा उल्लेखनीय प्रगति भएको जानकारी गराएको छ। चालु आर्थिक वर्षमा मात्र ८ वटा वनसम्बन्धी मुद्दा दायर गरिनुका साथै ४७८.०६ घनफुट काठ बरामद गरिएको छ। साथै ट्र्याक्टर, मोटरसाइकल, गोरु तथा वन्चरोजस्ता सवारीसाधनसमेत नियन्त्रणमा लिइएको उल्लेख गरिएको छ। कार्यक्रममा विगत वर्षहरूमा देखिएको बेरुजु तथा फछ्र्यौंटसम्बन्धी विवरणसमेत सार्वजनिक गरिएको थियो। डिभिजन वन कार्यालयका अनुसार हालसम्म करिब ५ करोड ४३ लाख रुपैयाँ बराबरको अनियमितता पत्ता लागिसकेको छ र त्यससम्बन्धी छानबिन प्रक्रिया अगाडि बढाइएको छ। कार्यक्रमका प्रमुख वक्ता तथा डिभिजन वन कार्यालय महोत्तरीका प्रमुख अजय कुमार मिश्रले पारदर्शिता, उत्तरदायित्व र सहकार्यमा आधारित वन संरक्षण रणनीति कार्यान्वयन गर्न समुदायको प्रत्यक्ष सहभागिता आवश्यक रहेको धारणा व्यक्त गरे। उनले वातावरणीय सन्तुलन र जैविक विविधताको संरक्षणका लागि स्थानीयस्तरमै सचेत र सक्रिय भूमिका निर्वाह गर्न आह्वान गरे।

कार्यक्रममा अधिकृत राम स्वरूप सिंह, सामुदायिक वनका प्रतिनिधिहरू, वातावरण अभियन्ता, युवा संघसंस्थाका प्रतिनिधि तथा विभिन्न सञ्चार माध्यमका पत्रकारहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। सहभागीहरूले वन संरक्षण सरकारी निकायको मात्र नभई सम्पूर्ण समुदायको साझा दायित्व भएकोमा एकमत व्यक्त गर्दै, सामूहिक उत्तरदायित्वबोधका साथ अघि बढ्नुपर्नेमा जोड दिएका थिए।

## पदम-समसेर स्मृति प्रतिष्ठानको दायरालाई थप फराकिलो बनाईयो

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १९ आषाढ**



३२ जना विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरेर अभिभावकत्व ग्रहण गरेको पदम-समसेर स्मृति प्रतिष्ठानले यसको दायरालाई थप फराकिलो वनाएको छ। बिष्णु खडका अध्यक्ष रहेको प्रतिष्ठानका माध्यमवाट यो शैक्षिकसत्र देखि १७ वटा ११/१२ संचालन हुने विद्यालयमा पनि छात्रवृत्ति प्रदान गर्ने भएको हो।

यसअघि प्राविधिक अध्यण गर्ने चाहने छात्र-छात्राहरुलाई प्रथामिकता दिइरहेको प्रतिष्ठानले ११/१२ र क्याम्पस पढने विद्यार्थीहरुको लागि छात्रवृत्तिको सिट ३४ वनाउने भएको छ। नगर क्षेत्रभित्र पैसाको अभावमा पढन नपाईरहेका छात्र- छात्रहरुको खोजी गरि प्रतिष्ठानले २०७७ सालदेखी नै छात्रवृत्ति प्रदान गर्दै आएको छ। प्राविधिक पढन चाहनेहरुको आकर्षण घटेसगैं सामान्यतर्फ पढ्ने विद्यार्थीहरु तर्फ प्रतिष्ठानले ध्यान दिएको प्रतिष्ठानका सचिव कुमार घिमिरेले वताए। खडकाले २४ घण्टाभित्र दिवंगत भएका आमा-वुवाको नामवाट पदम -सम्सेर स्मृति प्रतिष्ठान २०७७ देखि नै स्थापना गरेका थिए। यसअघि ३२ जना छात्र-छात्राको लागि खडकाले ५० लाख भन्दा बढी लगानी गरेका छन। यसम्ध्ये कतिपय अध्यणरत नै छन कतिपय अध्यण सकेर रोजगारीमा छन। ३२ जना मध्ये २१ जनाले प्राविधिक शिक्षा पूरा गरिसकेको प्रतिष्ठानका अध्यक्ष खडकाले जानकारी दिए। एकजनाले प्राविधिक संकाय अध्यण गर्न २ देखि ३ लाख खर्च हुने गर्दछ। यसरी हिसाब गर्दा अहिले खडकाको प्रतिष्ठानमा मात्र बार्षिक २२ लाख भन्दा बढी खर्च हुँदै आएको छ।

एसईईको नतिजा सार्वजनिक भएसगैं प्रतिष्ठानले विद्यार्थीहरुको लागि छात्रवृत्ति आव्हान समेत गरिसकेको छ। ३४ जना वाहेक छात्रवृत्ति प्राप्तिको लागि उत्कृष्ट नतिजा ल्याउने दुई जना जेहेन्दार विद्यार्थीलाई पनि थप छात्रवृत्ति प्रदान गरिने अध्यक्ष खडकाले जानकारी दिए।






# स्कुले विद्यार्थीहरुलाई सडक सुरक्षा र ट्राफिक नियमबारे सचेतना

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १९ आषाढ



एशियाली मापदण्डमा पूर्वपश्चिम लोकमार्ग स्तरोन्नति भइरहेकोबेला बर्दीबासमा स्कुले विधार्थीलाई सडक सुरक्षा र ट्राफिक नियमबारे सचेत गराउन थालिएको छ । बर्दीबासस्थित यातायात ब्यवस्था कार्यालयले बर्दीबास नगरपालिका र जिल्ला ट्राफिकको समन्वयमा विहिबार नगर क्षेत्रका ३ वटा माध्यमिक विधालयका तीन सय बढी विद्यार्थीलाई एकै थलोमा समेटेर सैद्धान्तिक, प्रयोगात्मक तथा श्रव्यदृश्यको माध्यमले सडक सुरक्षाबारे जानकारी गराएको हो।

कार्यक्रमको महत्त्वबारे प्रकाश पार्दै बर्दीबास नगर प्रमुख प्रहलाद क्षेत्रीले बर्दीबासलाई छोएको पूर्व-पश्चिम लोकमार्ग एशियाली मापदण्डअनुसार स्तरोन्नति भइरहेको अवस्थामा दुर्घटना न्यूनीकरणका लागि विद्यालय तहबाटै यातायात तथा ट्राफिक ज्ञान आवश्यक भएको धारणा राख्नुभयो । बजार क्षेत्रमा पूर्वपश्चिम लोकमार्ग ६ लेनमा स्तरोन्नति हुने भएपनि भौगोलिक अवस्थितिले बर्दीबासमा ओभर व्रिज बन्ने सम्भावना नरहेकोले ट्राफिक ज्ञान थप आवश्यक भएको क्षेत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "पूर्व-पश्चिम लोकमार्ग एसियाली मापदण्ड अनुसार स्तरोन्नति भइरहेकोले सुरक्षित यात्राका लागि ट्राफिक नियमप्रतिको सचेतना झनै आवश्यक भएको छ।" यातायात विज्ञ पोषण थापाले विद्यार्थी केवल सिक्ने मात्र नभई सूचनाका संवाहकसमेत भएकाले उनीहरूले सीकेका ट्राफिक ज्ञानबाट परिवार, समुदाय र समाजमा सचेतना फैलाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। थापाले भन्नुभयो, "समाजलाई जागरण गर्ने यस्ता अभियानले दुर्घटना न्यूनीकरणमा ठुलो योगदान पुग्न सक्छ।" जिल्ला ट्राफिक कार्यालय महोत्तरी प्रमुख लक्ष्मीराज जोशीले विद्यार्थीलाई सडक पार गर्ने तरिका, सवारी साधनको सुरक्षित प्रयोग, ट्राफिक सङ्केतहरूको महत्त्वलगायतका विषयमा जानकारी गराउनुभएको थियो । सो क्रममा सहभागी छात्रछात्राले यातायात सुरक्षा, ट्राफिक नियम र सडक अनुशासनबारे राखेका एकपछि अर्को जिज्ञासाले कार्यक्रमलाई जीवन्त पारेको थियो । आयोजक यातायात व्यवस्था कार्यालय बर्दीबासका प्रमुख राजकिशोर साहले चार वटा राजमार्ग तथा सडक सञ्जालको सुविधा रहेको बर्दीबासमा सचेतना कार्यक्रमले यात्रु, अभिभावक तथा विद्यार्थी माझ सुरक्षित यात्रा र ट्राफिक नियम पालनाको महत्त्व बढाउने विश्वास व्यक्त गर्नुभयो ।

# ३० वर्षीया रोहित साह सोनारको करेन्ट लागेर मृत्यु



जलेश्वरटुडे समाचारदाता
रौतहट, १९ आषाढ

रौतहटको फतुवा विजयपुर नगरपालिका-२, शीतलपुरमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। बिहीबार बिहान ८ बजेको समयमा ३० वर्षीया रोहित साह सोनारको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

आफ्नै खेतमा मोटरबाट पानी हाल्ने क्रममा बिहान ७ बजेर १५ मिनेटमा मोटरबाट करेन्ट करेन्ट लागेर घाइते भएका सोनारलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल कलैया बारा लगिएको थियो । घाइते सोनारको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपककुमार रायले जानकारी दिनुभयो । शवलाई पोस्टमार्टमका लागि अस्पतालमै राखिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक रायले बताउनुभयो।




## चिकित्सकबारे संवेदनशिल हुन जरुरी

*नेपाल सरकार अन्तर्गतका अस्पतालहरूमा कार्यरत मेडिकल अफिसर (एमबीबीएस पास गरेका) डाक्टरहरूलाई मासिक करिब ४८ हजार रुपैयाँ मात्र तलब दिएको देखिन्छ। अझै दुःखद् पक्ष के छ भने, केही निजी अस्पतालहरूमा त यो भन्दा कम, मासिक ३०-३५ हजार रुपैयाँ मात्र दिएको पाईन्छ। यस्तो अवस्थामा विदेशमा अवसर खोज्नु डाक्टरहरूको व्यक्तिगत चाहना मात्र नभएर एउटा बाध्यता बन्ने खतरा बढ्दै गएको देखिन्छ। नेपालमै गुणस्तरीय स्वास्थ्य सेवा दिन सकिने अवस्था बनाउने हो भने डाक्टरहरूलाई न्यूनतम सुविधा ग्यारेन्टी गर्ने वातावरण सृजना गर्नु जरुरी रहेको देखिन्छ। सरकारले डाक्टरहरूलाई एउटै स्थानमा पूर्णकालीन सेवा दिने सर्तमा पर्याप्त सुविधा दिनुपर्ने आवश्यकता रहेको छ।*

*एमबीबीएस पास गरेका चिकित्सकले आफूलाई विशेषज्ञ भनेर प्रचार गर्नु गलत छ। को, को डाक्टर कुन विषयमा स्नातकोत्तर गरेका छन्, स्पष्ट सूचीकृत गरिनुपर्ने जरुरी छ। यसबाहेक, स्नातकोत्तर तहको पढाइ (एमडी लगायत) नेपालमै गर्न चाहनेका लागि चिकित्सा शिक्षा आयोगले वर्षमा कम्तीमा दुई पटक परीक्षा खुला गर्नुपर्ने आवश्यकता देखिन्छ। छात्रवृत्तिमा एमबीबीएस वा स्नातकोत्तर पढ्ने चिकित्सकले दुर्गम जिल्ला वा तोकिएको क्षेत्रमा कम्तीमा ३ देखि ५ वर्षसम्म सेवा गर्न अनिवार्य हुनुपर्ने देखिन्छ। त्यसका लागि सर्टिफिकेट आयोगले राख्ने र सेवा अवधि पूरा गरेपछि मात्र फिर्ता गरिने व्यवस्था मिलाउनुपर्ने देखिन्छ। बीचैमा सेवा त्यागेमा लगानी भएको खर्च कम्तीमा ५, गुणासम्म बडी फिर्ता गराउन सकिने कानुनी संरचना आवश्यक रहेको समेत देखिन्छ।*





अनुरोधकर्ता
मुखियापट्टी मुसहरनिया गाउंपालिकाको कार्यालय
धनुषा,मधेश प्रदेश


## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: पिछडेको साथी मिल्ने
मिथून: लामो यात्राको योग छ
कर्कट: मित्रतामा फाटो आउने
सिंह: पढाईमा ध्यान दिनुपर्ने
कन्या: अनावश्यक चिन्ता
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक खर्चको संभावना
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नरेन्द्र मोदीलाई घानाको सर्वोच्च सम्मान प्रदान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ आषाढ



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बुधबार घानाको सर्वोच्च सम्मान 'द अफिसर अफ द स्टार अफ घाना' प्रदान गरिएको छ। मोदी सबैभन्दा बढी सम्मानित हुने भारतीय प्रधाानमन्त्रीमा पर्छन्।

उनलाई २४ देशले सर्वोच्च सम्मान दिइसकेका छन्। उक्त सर्वोच्च सम्मान पाएपछि मोदीले भने, 'घानाबाट सम्मानित हुनु मेरो लागि गर्वको कुरा हो।' यसअघि उनले घानाका राष्ट्रपति जोन महामासँग संयुक्त विज्ञप्ति जारी गरे। मोदीलेले भारत र घानाले आतंकवादलाई मानवताको शत्रु मान्ने र यसविरुद्ध मिलेर काम गर्ने बताए। मोदीले भने कि यो युद्धको समय होइन तर समस्याहरू संवाद र कूटनीति मार्फत समाधान गर्नुपर्छ। संयुक्त राष्ट्र संघमा सुधारमा दुवै देश एकमत भएका छन्। यसका साथै दुवैले पश्चिम एसिया र युरोपमा चलिरहेको द्वन्द्वमा चिन्ता व्यक्त गरे। प्रधानमन्त्री मोदीले भने, 'भारत र घाना बीचको व्यापार २५ हजार करोड रुपैयाँ नाघेको छ र आगामी ५ वर्षमा यसलाई दोब्बर गर्ने लक्ष्य राखिएको छ।' उनले घानाका राष्ट्रपति जोन महामालाई भारत भ्रमणको निम्तो दिएका छन्।

मोदीको स्वागतमा २१ तोपको सलामी दिइएको थियो। भारतले घानालाई कोभिडका बेलामा ६ लाख कोभिड भ्याक्सिन दिएको थियो।

# बिग बोसको नयाँ सिजनमा तहल्का मच्चाउन आउँदैछिन् 'गुडिया' !

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ आषाढ




बलिउड स्टार सलमान खानको होस्टमा चल्ने लोकप्रिय रियालिटी शो बिग बोसको १९औं सिजन यसपटक विशेष कारणले चर्चामा छ। सधैं जसो चर्चित कलाकारहरूको भीड रहने बिग बोसको घरमा यसपटक मान्छे मात्र होइन, एक एआई (आर्टिफिसियल इन्टेलिजेन्स) गुडिया पनि प्रतियोगीको रूपमा सहभागी हुँदैछिन्।

रिपोर्टअनुसार, शोमा सहभागी हुन लागेकी यो रोबोट डलको नाम 'हबूबू' हो। यूएईको आइ.एफ. सी.यम कम्पनीले निर्माण गरेको हबूबू बिग बोसको इतिहासमै पहिलो एआई कन्टेस्टेन्ट बन्नेछिन्। उनी ७ वटा भाषा बोल्न सक्छिन्, जसमा हिन्दी पनि समावेश छ। देख्नमा उनी ठूला आँखा, सुनौलो मास्क र कालो हिजाबमा सजिएको प्यारी गुडियाजस्ती छिन्। तर हबूबूको विशेषता यतिमै सीमित छैन। उनी संवाद गर्न मात्र होइन, भावना बुझ्न, टास्क पूरा गर्न, घरको काममा सघाउन र सम्बन्ध बनाउन पनि सक्षम छिन्।

उनी 'माया गर्न सक्ने' प्रतिक्रिया समेत दिन सक्छिन्। यसले बिग बोसको घरमा नयाँ किसिमको अनुभव र मनोरञ्जन थप्ने अपेक्षा गरिएको छ। शोको यसपटकको थिम 'रिवाइन्ड' हुन सक्ने चर्चा छ, यद्यपि औपचारिक रूपमा घोषणा भइसकेको छैन। सलमान खानले जुलाई ८ देखि १२ को बीचमा नयाँ सिजनको प्रोमो छायांकन गर्ने तयारी गरिरहेका छन्। प्रविधि र मनोरञ्जनको यो अनौठो मेलले प्रतिस्पर्धा असमान नहोस् भनेर हबूबूलाई विशेष रूपमा रिप्रोग्राम गरिएको बताइएको छ। यसले घरमा रहेका अन्य प्रतियोगीहरूसँग उनको व्यवहार, टास्कमा सहभागिता र संवादलाई सन्तुलित बनाउनेछ।

# आजका लागि विदेशी मुद्राको विनिमयदर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ आषाढ




नेपाल राष्ट्र बैङ्कले आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १३६ रुपैयाँ ८३ पैसा र बिक्रीदर १३७ रुपैयाँ ४३ पैसा निर्धारण गरिएको छ।

युरोपियन युरो एकको खरिददर १६० रुपैयाँ ९५ पैसा र बिक्रीदर १६१ रुपैयाँ ६६ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिददर १८७ रुपैयाँ ५३ पैसा र बिक्रीदर १८८ रुपैयाँ ३५ पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १७२ रुपैयाँ ६१ पैसा र बिक्रीदर १७३ रुपैयाँ ३७ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ८४ पैसा र बिक्रीदर ९० रुपैयाँ २४ पैसा, क्यानेडियन डलर एकको खरिददर १०० रुपैयाँ ३१ पैसा र बिक्रीदर १०० रुपैयाँ ७५ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०७ रुपैयाँ ४५ पैसा र बिक्रीदर १०७ रुपैयाँ ९२ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ५० पैसा र बिक्रीदर नौ रुपैयाँ ५५ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ०९ पैसा र बिक्रीदर १९ रुपैयाँ १७ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ४९ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६५ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३७ रुपैयाँ ७१ पैसा कायम भएको छ।

# उज्बेकिस्तानसँग नेपालको निर्णायक खेल


जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १९ आषाढ



एएफसी महिला एसियन कप छनोट अन्तर्गत समूह एफमा लगातार दुई खेल जितेपछि एसियन कप पुग्नका लागि उज्बेकिस्तानसँग नेपालको निर्णायक खेल हुने भएको छ। उज्बेकिस्तानमै भएको छनोटमा नेपाल र घरेलु टोली दुवैले लगातार दुई खेल जित्दै समान ६ अंक जोडेका छन्। अब यी दुई टोली समूह विजेता बनेर अर्को वर्ष अष्ट्रेलियामा हुने महिला एसियन कपमा छनोट हुने होडमा छन्। लगातार दुई खेल हारेको लाओस र श्रीलंका समूह विजेता बन्ने होडबाट बाहिरिसकेका छन्।

नेपाल र उज्बेकिस्तान दुवैले कुनै गोल नखाई लाओस र श्रीलंकालाई पराजित गरेको छ। नेपालले पहिलो खेलमा लाओसलाई ९-० ले हराएको थियो भने दोस्रो खेलमा श्रीलंकालाई ८-० ले पराजित गऱ्यो। उता पहिलो खेलमा श्रीलंकालाई १० गोल हानेको उज्बेकिस्तानले दोस्रो खेलमा लाओसलाई ७-० ले हरायो। नयाँ कप्तान सावित्रा भण्डारी र नयाँ प्रशिक्षक प्याट्रिक डि वाइल्डको नेतृत्वको नेपाली महिला टोलीले सुरुवाती दुई खेलमा गज्जबको प्रदर्शन गरेको छ। अब त्यो लय समूहको अन्तिम खेलमा पनि कायम राख्नुपर्ने बेला आएको छ। उज्बेकिस्तानले लाओसविरुद्ध अन्तिम समयमा २ गोल गरेपछि अब समूह एफको समिकरण रोचक बनेको छ। किनभने दुई खेलबाट नेपाल र उज्बेकिस्तानले समान १७ गोल गरेका छन् भने कुनै गोल खाएका छैनन्। यस्तोमा दुवैको गोल अन्तर अहिलेसम्म बराबर नै छ। यदि उज्बेकिस्तानले लाओसलाई कम गोल गरेको भए अन्तिम खेलमा नेपालले उज्बेकिस्तानसँग बराबरी गरेपनि समूह विजेता बन्न सक्थ्यो।

तर अब गोलअन्तर बराबरी हुँदा दुवै टिमलाई अन्तिम खेल महत्वपूर्ण बनेको छ। एसियन कपमा पुग्नका लागि यो खेल अघोषित फाइनल जस्तै बन्नेछ। यदि नेपाल र उज्बेकिस्तानबीच समूह चरणको अन्तिम खेल बराबरीमा सकिएमा खेल ८पेनाल्टी सुटआउटसम्म पुग्न सक्छ। किनभने नेपाल र उज्बेकिस्तानबीचको खेल बराबरी भएमा हेड टु हेड, गोल अन्तर, धेरै गोल गरेको सबै परिस्थितीमा बराबर नै हुनेछ।

अनुरोधकर्ता
महोत्तरी गाउंपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश



अनुरोधकर्ता
रामगोपालपुर नगरपालिकाको कार्यालय
महोत्तरी,मधेश प्रदेश

# एसईई नतिजा : ग्रेड हेर्ने कि ज्ञान-सीप ?

-माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को नतिजामा सुधार आएको छ, तर सिकाइमा सुधारको लागि ज्ञान, सीप र अवधारणामा ध्यान दिनुपर्छ। परीक्षाको नतिजा सुधारको श्रेय प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय निकायलाई जान्छ। शिक्षाको गुणस्तर सुधारका लागि शिक्षकको भूमिका, प्रविधिको प्रयोग र बजेट वृद्धिलाई जोड दिनुपर्छ।

माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को परिणाम केही दिनअघि मात्रै प्रकाशित भयो। गत वर्षको तुलनामा परिणाममा राम्रै सुधार भएको देखियो। गत वर्ष ४७.८६ प्रतिशत मात्र विद्यार्थी उत्तीर्ण या भनौं वर्गीकृत भएका थिए भने यस वर्ष यो प्रतिशत बढेर ६१.८१ पुगेको छ। सुधारको वस्तुगत कारण, विषयगत र क्षेत्रगत अवस्था आदिको साङ्गोपाङ्गो व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने काम पक्कै पनि राष्ट्रिय परीक्षा बोर्डले गर्नेछ। समग्र परिणाम हेर्दा २०७९ मा ३.६० देखि ४ जीपीए प्राप्त गर्ने विद्यार्थी संख्या २२,७७५ थियो भने २०८० मा यो संख्या बढेर ३१,२०९ पुग्यो। यस वर्ष यो संख्या उल्लेख्य रूपमा वृद्धि भएर ४८,१७७ पुगेको छ। २०८० मा ५२.१४ प्रतिशत विद्यार्थी अवर्गीकृत थिए भने यो वर्ष यो प्रतिशत घटेर ३८.१९ मा झरेको छ। यसरी प्रतिशत हेर्दा विद्यालय शिक्षाको गुणस्तर क्रमशः सुधार भएको देखिन्छ। हामी के कुरामा प्रस्ट हुनुपर्छ भने पहिलो चरणको र देखिने सुधार विद्यार्थीले प्राप्त गर्ने विषयगत अङ्क र समग्र उत्तीर्ण प्रतिशत नै हो। परिणाम सुधारका कारण नकारात्मक कोणबाट समेत विश्लेषण र व्याख्या भएको सुनिन्छ। यसो गर्नु परिश्रमी विद्यार्थी र लगनशील शिक्षकप्रति अन्याय हुन्छ। अब कमी-कमजोरी सुधार गर्ने प्रतिबद्धताका साथ प्राप्त उपलब्धिमा खुसी हुँदै अर्को वर्षको तयारीमा जुट्ने हो। परिणाममा आएको यो सुधारको जस लिनलाई एकापसमा होड चलेको देखिन्छ। कसैले मौखिक आदेश दिए रे, कसैले लिखित निर्देशन। यस्ता किसिमका निर्देशनले प्रधानाध्यापक, शिक्षक, विद्यार्थीलाई केही दबाब, केही प्रेरणा वा केही अवसर सिर्जना भएको हुन सक्छ। वास्तविक रूपमा आदेश र निर्देशनले अहिलेको परिणाममा सुधार आएको किमार्थ होइन। यो परिणाम सुधारको जस सबैभन्दा बढि प्रधानाध्यापक, शिक्षक र विद्यार्थीलाई जान्छ। त्यसपछि अभिभावक, स्थानीय निकाय र विद्यालय व्यवस्थापन समिति जसको भागिदार हुन्। अन्य वर्गको पनि केही भूमिका रह्यो होला तर उल्लेखनीय रूपमा कसैको योगदान देखिँदैन। अङ्क र प्रतिशतमा आएको सुधारले हामी सन्तुष्ट भएर ढुक्कसँग बस्ने अवस्था भने छैन। ३० ल्याउनेले २ अङ्क बढाएर उत्तीर्णको श्रेणीमा पुग्यो होला तर यो वृद्धिले सिकाइमा खासै अभिवृद्धि भएको मान्न सकिँदैन। सिकाइमा आएको सुधार त उत्तीर्ण विद्यार्थीको ज्ञान, सीप र अवधारणाले प्रतिविम्बित गर्छ। उसको बोलीवचन र व्यवहारले देखाउँछ, उसले कति सिक्यो भनेर। सिकाइका बारेमा असफल स्कुलका लेखक जोन हल्ट लेख्छन्, शिक्षा प्राप्तिपछि केटाकेटी दुनियाँमा प्रवेश गर्न सके र आफ्नो जीवनका लागि उपयोगी काम गर्न सके भने सिकाइ भएको मान्नुपर्छ। प्रख्यात शिक्षाविद् जे कृष्णमूर्ति भन्छन्, परिवार, समाज, देश र विश्वलाई नै प्रगतिको पथमा अगाडि बढाउन सक्ने ज्ञान, सीपसहितको भयरहित व्यक्ति निर्माणमा सिकाइ प्रतिविम्बित भएको हुनुपर्छ। अङ्क र प्रतिशतमा आएको सुधारले हामी सन्तुष्ट भएर ढुक्कसँग बस्ने अवस्था भने छैन। ३० ल्याउनेले २ अङ्क बढाएर उत्तीर्णको श्रेणीमा पुग्यो होला तर यो वृद्धिले सिकाइमा खासै अभिवृद्धि भएको मान्न सकिँदैन। सिकाइमा आएको सुधार त उत्तीर्ण विद्यार्थीको ज्ञान, सीप र अवधारणाले प्रतिविम्बित गर्छ।



राजनेता नेल्सन मन्डेला भन्छन्– सिकाइका कारण विद्यार्थीमा सत्यको ढोका यसरी उघारियोस्, उसका आँखा यसरी खुलोस् कि त्यसपछिका दिनमा आँखा चिम्लिँदा पनि उसका अगाडि झलझली त्यो सत्यको मार्ग प्रकट भइरहोस्। त्यो मार्ग बिर्सन खोजेर पनि बिर्सन नसकोस्। सिकाइले विद्यार्थीका सीमित जिज्ञासालाई शान्त मात्र पार्ने होइन कि असीमित जिज्ञासाका लागि बाटो खोलिदिनुपर्छ। सिकाइले सत्य यो मात्रै हो भनेर हैकम जमाउनुको सट्टा सत्यको खोजीमा आफैँ लाग्न उत्प्रेरित गर्छ र त्यो खोजीलाई सार्थक बनाउन आवश्यक शिल्प बाँड्छ।

स्वामी जगत्गुरु डा प्रपन्नाचार्य भन्नुहुन्छ– विद्या र विनयशीलता एक अर्काका परिपूरक हुन्। सिकाइले मानिस सभ्य, सौम्य र सालीन बनाउँछ। महाकवि लक्ष्मीप्रसाद देवकोटा भन्नुहुन्छ, तपाईं जति सिक्नुहुन्छ त्यति नै तपाईंको ज्ञानमा वृद्धि र बौद्धिकतामा निख्खारपन आउने त छँदै छ, सिकाइको कारण तपाईं कर्म क्षेत्रमा पनि त्यतिकै सफल हुनुहुन्छ। सिकाइमा ह्रास आएको नेपालको मात्र होइन यो विश्वको नै समस्या हो अहिले। अन्तर्राष्ट्रिय विद्यार्थी मूल्याङ्कन कार्यक्रम (पिसा) को २०२४ को प्रतिवेदनका अनुसार शिक्षामा उत्कृष्ट भनिएका देशमा पनि २०१८ बाट २०२२ सम्म आइपुग्दा गणितमा १५ प्वाइन्ट र पढाइमा १० प्वाइन्ट घटेको छ। कतिपय शिक्षाविद्को तर्क छ– कोभिड १९ ले शैक्षिक क्षेत्रमा पारेको प्रभाव क्रमशः देखिन थालेको छ। यसका साथै सामाजिक असमानता, गरिबी, शिक्षकको आपूर्तिमा कमी आदि कारणले शैक्षिक क्षति भएको देखिन्छ। सिकाइ स्तर कमजोर हुनुमा कारण थुप्रै छन् जसको बहस छुट्टै हुन जरुरी छ। जब सिकाइमा ह्रास आउन थाल्छ तब शिक्षाप्रति अभिभावकको विश्वास घट्न थाल्छ। अभिभावकले सोध्न थाल्छन् कि पढेर के हुन्छ। एकातिर अभिभावक र समाजमा शिक्षाप्रतिको भरोसा कमजोर हुँदै जान्छ भने अर्कोतिर स्वयं विद्यार्थीले भविष्यमा रोजगारी पाउने, अर्थोपार्जन गर्ने र समाजमा सम्मानजनक जीवन जिउने सम्भावना पनि न्यून हुँदै जान्छ।

**के गर्ने त सिकाइ स्तर सुधार्न** यो वर्षको माध्यमिक शिक्षा परीक्षाको परिणाममा आएको सुधारको मुख्य जस दिनुपर्ने वर्ग प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र स्थानीय निकाय भएकाले म यस लेखमा यिनै वर्गले के गर्ने भन्ने मात्र चर्चा गर्छु।

साभार : रातोपाटी।


## जनहितमा जारी संदेश

### सर्पदंशबाट बच्ने उपायहरू

-सर्प दिउँसो भन्दा राती बढी निस्कन्छ। त्यसैले राती घरबाहिर निस्कनु परे उज्यालो (टर्च, बत्तीहरू) बोकेर मात्रै निस्कने।
-खाली खुट्टा घर बाहिर ननिस्कने।
-सर्प बस्ने सम्भावित ठाउँहरू (जस्तैं दाउराको चाङ, पराल, ढुङ्गा तथा ईटा थुपारेको ठाउँ) मा चलाउनु परे लामो लट्ठीले चलाउने।
-घर वरीपरिका झार, फोहोरको थुप्रो हटाउने र जमिनका प्वालहरू भए पुर्ने।
-घर वरिपरि खानेकुराहरू नफाल्ने। फालिएको खानेकुरा खान मुसा, भ्यागुता आउने हुँदा त्यहाँ सर्प पनि आउँछ।
-साना केटाकेटीलाई मुसाको दुलामा हात हाल्न, दाउराको चाङमा हात घुसाउने, झाडीमा जानबाट रोक्ने।
-शरीरमा पातलो कपडा भए पनि लगाउने। जसले सर्पले टोके पनि विष प्रवेशलाई केही मात्रामा भए पनि रोक्छ।
-सर्पलाई नजिस्काउने।
-सर्प मरेको जस्तो देखिए पनि वास्तवमा मरेको नहुन सक्छ। त्यस्तो अवस्थामा नचलाउने।
-सकेसम्म घरभित्र कुखुरा, हाँस, परेवाको खोर नराख्ने। यस्तो खोरमा जथाभावी हात नहाल्ने।
-राती सुत्दा झुलको प्रयोग गर्ने। सकेसम्म पलङ वा खाटमा मात्रै सुत्ने।
-पोखरी, तलाउ, खोला, नदीनालामा बिषालु सर्प पनि हुन सक्छन्। यस्ता स्थानमा पौडी खेल्दा, खोला तर्दा सावधानी अपनाउने।

### जुनोटिक रोग रोक्ने उपायहरू :

-सुरक्षित खाना ह्यान्डलिङ अभ्यास गर्नुहोस्। यसमा उपभोग गर्नु अघि सबै उत्पादनहरू धुनु समावेश छ।
-साबुन र पानीले राम्ररी हात धुनुहोस्।
-ह्यान्डल गर्दा वा जनावरहरूसँग नजिकको सम्पर्कमा उपभोग, पिउने वा आफ्नो आँखा वा मुख नछुनुहोस्।
-घरमा घरपालुवा जनावरहरूलाई खोप लगाउनुहोस् र तिनीहरूलाई पशुचिकित्सकको नियमित वार्षिक भ्रमणको लागि लैजानुहोस्।
-लामखुट्टे, पिसा र टिक्सलाई टाढै राख्नको लागि कीटनाशक वा अन्य विधिहरू प्रयोग गर्नुहोस्।

### एएमआर रोक्ने उपायहरू :

-आफू खुशि एन्टीबायोटिक औषधि सेवन गर्नु हुँदैन।
-चिकित्सकका सल्लाह अनुसार मात्र सेवन गर्ने।
-चिकित्सकको पूर्जा बिना एन्टिबायोटिक औषधि विक्रि वितरण गर्नुहुँदैन।
-एन्टिबायोटिक औषधि जहिले पनि चिकित्सकको सल्लाह अनुसार डोज सेवन गर्ने।

**अनुरोधकर्ता**
**महोत्तरी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेस प्रदेश**







## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२।०३।२० गते**

यस कम्पनीको सम्पन्न विशेष साधरण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७८/०५/०१ मा स्वीकृती प्राप्त भई साविक कम्पनी श्री ओम एण्ड आलोक कन्स्ट्रक्सन एण्ड सप्लायर्स (दर्ता नं. २६८४७२/०७८/०७९) को नाम रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको श्री आयंष कन्स्ट्रक्सन अंग्रेजीमा Aayansh Construction ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।





**अनुरोधकर्ता**
**बलवा नगरपालिका**
**महोत्तरी, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday